# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक छनौट तथा सिफारिस समिति, पोखरा

# दरखास्त आव्हानको सूचना

**(सूचना प्रकाशन मितिः २०८१/११/२१)**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र देहाय बमोजिमको विवरण सहित **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन महाशाखामा** आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **आवश्यक पर्ने न्यूनतम योग्यताः** कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनका लागि देहायको योग्यता पुगेको नेपाली नागरिक हुनुपर्नेछ।

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरी कम्तीमा दश वर्षको अनुभव भएको वा विद्यावारिधि गरी कम्तीमा पाँच वर्षको अनुभव भएको,

(ख) ३५ वर्ष उमेर पूरा भई ६५ बर्ष ननाघेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र

(ङ) गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग कुनै किसिमको स्वार्थ नबाझिएको।

**२. दरखास्त दस्तुरः २५००/- (दुई हजार पाँच सय)**

बुझाउने स्थानः राष्ट्रिय वाणिज्य बैंक लि.,    खाता नं.: १०००१००२०००१००००

कार्यालय कोडः ३०१००३९०१४,    राजश्व शीर्षक नं.: १४२२४

**३. छनौटका आधारहरुः**

(क) व्यक्तिगत विवरण

(ख) कार्ययोजना

(ग) प्रस्तुतीकरण

४. **आवेदनसाथ संलग्न हुनुपर्ने विवरणहरुः** योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तोकिएको समयभित्र तोकिएको स्थानमा देहायका विषय उल्लिखित **व्यावसायिक कार्ययोजना** (नेपाली वा अंग्रेजी भाषामा पाँच हजार शब्दमा नबढ्ने गरी) तथा आफ्नो योग्यता र अनुभव खुल्ने स्वयं प्रमाणित प्रतिलिपि सहितको **व्यक्तिगत विवरण** छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ।

| व्यावसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयहरु | व्यक्तिगत विवरण |
|---|---|
| (क)प्रतिष्ठानको संस्थागत विकास<br>(ख)प्रतिष्ठानको शैक्षिक विकास<br>(ग) प्रशासनिक व्यवस्थापन<br>(घ) स्रोतसाधनको परिचालन, र<br>(ङ) समन्वय र सहकार्य | (क)व्यक्तिगत विवरण (Curriculum Vitae)<br>(ख)नेपाली नागरिकताको प्रमाणपत्र<br>(ग) शैक्षिक योग्यताको प्रमाणपत्र<br>(घ) अनुभवको प्रमाणपत्र |